Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of
Tour & Travel Agents

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

SWC Affiliation No.: 25285

मितिः २०७१/०१/२२

## प्रेश- विज्ञप्ति

## नाट्टाद्वारा विमानस्थल विकास करको विरोध

नेपाल नागरिक उड्डयन प्राधिकरणले हालै नीजि क्षेत्रका पर्यटन व्यवसायीहरुसंग कुनै सर-सल्लाहा वा विचार विमर्श नगरि एक्कासी एकतर्फी निर्णय गरेर विमानस्थल विकास करका नाममा त्रिभुवन अंतराष्ट्रिय विमानस्थलबाट यात्रा गर्ने हवाई यात्रुहरुको हवाई टिकट मार्फत् प्रति यात्रु रु ११३० वसूल्दै आई रहेको समाचारले नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) को गम्भिर ध्यानाकर्षण गरेको छ ।

विमानस्थल जस्तो अत्यन्तै संवेदनशील एंव महत्वपूर्ण पर्यटन पूर्वाधारको निर्माण र विकास पर्यटन उत्थानका दृष्टिकोणले राष्ट्रका निम्ति नभै नहुने एजेन्डा हो तर यस्तो राष्ट्रिय एजेन्डालाई सम्बोधन गर्न आम करदाता नागरिकहरुमाथी आर्थिक भार थोपर्नु अनुपयुक्त हुन्छ, भन्ने यस संघको राय-ठहर छ । नेपाल नागरिक उड्डयन प्राधिकरणले आफ्नो उत्तर दायित्व पूरा गर्न आफैसंग रहेका श्रोत साधनको प्रयोग गर्नुको सट्टा हवाई यात्रुहरुबाट श्रोत संकलन गर्दा पर्यटनमा एकातर्फ यसको प्रभाव नकारात्मक हुंदै जाने सुनिश्चित छ भने अर्को तर्फ संभावित पर्यटकहरुलाई नेपाल भ्रमणमा आउन पनि यसले दुरुत्साहित तुल्यांउदै जाने देखिन्छ ।

साथै, यात्रुहरुबाट हवाई टिकट मार्फत् यस प्रकारले कर उठाई नागरिक उड्डयन प्राधिकरणले आफ्नो श्रोत संकलन गर्ने कार्यको अभिमारा प्रत्यक्ष रुपले टिकेटिङ्ग एजेन्टहरुमाथी थोपरेको छ र प्राधिकरणलाई एजेन्टहरुबाट यस्तो सेवा प्रदान गरेवापत कुनै सेवा-शुल्क लिने अधिकारबाट समेत बंचित राखिएको अवस्था प्रति नाट्टाका टिकेटिङ्ग सदस्यहरुले प्रश्न उठाएको यसै प्रेश विज्ञप्ति मार्फत् संबंधित निकायहरुलाई जानकारी गराइन्छ ।

..........................................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

मिहिका धाख्वा
महा सचिव

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER